# ९ हामीहरुलाई व्यवस्था तथा निति दिनुहुने न्यायकर्ता परमेश्वर

<u>*यस अध्यायका मूल पदहरू*</u>: याकूब ४:११-१७, प्रेरित १७:११, हिब्रू ४:१५,१६, लूका १२:१३-२१, उपदेशक २:१५-१९, तीतस २:१४।

<u>*मुकष्ठ गर्नुपर्ने पद*</u>: **“व्यवस्था तथा नीतिनियमहरू दिनुहुने र न्यायकर्ता एकमात्र हुनुहुन्छ। कसैलाई उद्धार गर्ने वा खतम गर्ने अधिकार उहाँमात्र हुनुहुन्छ। तिमीहरूको छिमेकी जनको न्याय वा आलोचना गर्ने तिमीहरू को हौ र?" (याकूब ४:१२ रूपान्तरित)।**

**कोही पनि मानिस टापु नभएको कारणले ऊ एकलै बस्न सक्दैन।** कोही न कोही मानिससँग सम्बन्ध वा नाता जोडेर हामी जिउनुपर्दछ। तर तिनीहरूसँग सौहाद्रपूर्ण पारस्परिक सम्बन्ध राखेर कसरी चल्ने? परमेश्वरसँग सुमधुर सम्बन्ध कसरी राख्ने? मानिसले आविश्कार गरेका नीतिनियमहरू होस् वा परमेश्वरको आदर्श व्यवस्था तथा नीति होस्, मानिस मानिस बीचमा कस्तो सम्बन्ध राखेर चलिन्छ त्यसको आधार नै ती नीतिनियमहरू हुन्। कतिपय धनी, सम्पन्न, ठूलावडा वा नेता भनाउँदाहरू आफ्ना देशका व्यवस्था वा नीतिनियमहरूभन्दा माथि छौं भनेर देखाउँछन्। त्यतिमात्र होइन तिनीहरूले आफू सुहाउँदो कानुन बनाउँछन् र त्यसलाई कार्यान्वन गर्न जबरजस्ती बल पनि प्रयोग गर्दछन्। समाजमा भएका नीतिनयम तथा संस्कारहरूलाई अनादर गर्दा त्यस समाजमा रहेका मानिसहरूको अपमान गरेको ठहरिन सक्छ। मानिस मानिसको बीचमा सम्बन्धलाई जोड्न त्यस समाज तथा देशका नीतिनियम वा कानुनले शासकियस्वरुप भूमिका खेलेको हुन्छ।

फेरि त्यसैबखत नीतिनियममा कठ्ठरसाथ चल्न चाहनेहरू अरू मानिससँगको सम्बन्धमा कठिनाइ उब्जीरहेको पनि पाइन्छ। यथार्थमा भित्री हृदयमा खोतलेर हेर्दा  नीतिनियम वा कानुन बनाउने व्यक्तिको ज्ञानबुद्धिप्रति श्रद्धा र त्यस नीतिनियमको न्यायोचित व्यवहारप्रति हामीहरूको सम्मान कति छ त्यसमा हेर्ने पारामा नीतिनियम पालन गर्ने

वा नगर्नेमा भरपर्छ। परमेश्वरको व्यवस्था केलाउँदै यस अध्याय सुरू हुन्छ। तर अध्ययन गर्ने क्रममा हामीले यस्ता महत्त्वपूर्ण शब्दहरू भेट्टाउने छौं जसले हामीलाई बिशेष अहँ वा अतिवादी बनाउन सक्छ जुन हामीलाई थाहा नहुन पनि सक्छ। त्यस्ता खालका अहँता वा घमण्डिपना पाप हो र त्यसले परमेश्वरको व्यवस्थालाई भङ्ग गर्न उक्साउँछ भनेर याकूबले सतर्क गराउँछन्। पापलाई अर्कै ढङ्गले या तरिकाले याकूबद्वारा खुलासा गरिएको पाईन्छ।

## १ न्याय वा आलोचना गर्नु कि ज्ञानी भएर बुद्धि सिकाउनु? (याकूब ४:११)

**"मेरा भाइ बहिनीहरू हो, आलोचना गरेर एक आपसको खिलाफमा नबोल्नु। कुनै विश्वासीको खिलाफमा कोही बोल्यो भने यथार्थमा उसले परमेश्वरकै व्यवस्थाको (दश आज्ञाहरू) खिलाफमा बोलेको ठहर्छ। अरूको आलोचना वा मूल्याङ्कन गरेर न्याय गर्न भनेकै व्यवस्थाको आलोचना वा न्याय गर्न हो। जब तिमीहरूले व्यवस्थाको न्याय गर्छौं तब तिमीहरू आफै व्यवस्था पालन गर्न नसकेको ठहरिन्छौ। साँच्चिकै भनौं भने त्यस्तो मनस्थिति तिमीहरूमा भयो भने तिमीहरू व्यवस्थालाई छानबिन गर्ने न्यायकर्ताको आशनमा बस्ने भएको हुन्छौ।" (याकूब ४:११ रूपान्तरित)। अरूको मूल्याङ्कन वा न्याय गर्नु भनेको व्यवस्थाको न्याय गर्नु भनेर कसरी तुलना गरिएको छ?**

कसैको आलोचना गर्नु वा विरुद्धमा बोल्नु भन्ने अर्थमा धेरै कुराहरू समावेश हुनसक्छ। हाम्रो छुच्चो मुखले प्यात्त बोल्ने बानीमा अरूको आँखा चिम्लेर आलोचना गर्ने, चरित्र हत्या गर्न नभएको कुरा गर्ने र रिसको झोकमा अपशब्दहरू बोल्ने (लेबी १९:१५-१८) आदि हुन्छन्। यहाँ अध्याय ३ भन्दा पनि केही हदमा नरम भाषा याकूबले प्रयोग गरिरहेको देखिन्छ। तर आफ्ना विश्वासी भाइबहिनीको खिलाफमा बोल्नु त गम्भिर कुरो भएको यहाँ देखिन्छ। त्यसो गर्दा परमेश्वरको व्यवस्थालाई नै आलोचना गरेको ठहर्छ रे! आफूलाई न्यायको आशनमा राख्दा हामीहरू आफै कतिको कमजोरी रहेछौं भन्ने तथ्यलाई वेवास्ता गरेको हुन्छौं (मत्ती ७:१-३)। अरूको गल्तीमा हामीहरूको ध्यान केन्द्रित गर्दा अरू भन्दा हामी असल छौं र हामी

व्यवस्था भन्दा माथि बसिरहेको छौं भनेर देखाउँछौं। जब हामीहरूले अरूलाई दोषी चस्माले हेर्ने वा आलोचना गर्ने बानीले ग्रष्त हुन्छौं तब हाम्रा छिमेकी वा अरूलाई माया गर्ने वा अरूप्रति संवेदनशील हुने स्वभावमा असफल भएको व्यक्तित्वमा गनिन्छौं। परमेश्वरको व्यवस्थालाई हामीले पालन नगरेको भनेर हामीले नै देखाइरहेका हुन्छौं। त्यसकारण अरू यस्तो उस्तो भनेर अरूको काँडा कोटयाउने बानी भन्दा अरूलाई माथि उचाल्ने आत्मिक ज्ञानबुद्धि सिक्न खोज्नुपर्छ।

**देहायका पदहरूले कुन् अवस्थाहरूमा आत्मज्ञान वा आत्मिक बुद्धिको महत्त्वलाई देखाउँछ, हेर्नुहोस्: प्रेरित १७:११ "यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे।" १ कोरन्थी ६:१-५ "तिमीहरूमध्ये एक जनाको अर्को भाइसँग झगड़ा भएको छ भने न्यायको निम्ति सन्तहरूकहाँ नगएर अधर्मीकहाँ जाने के त्यसले आँट गर्छ? २ सन्तहरूले संसारको न्याय गर्छन् भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यदि संसारको न्याय तिमीहरूले नै गर्नुपर्छ भने, सानाभन्दा साना मुद्दाहरू छिन्न के तिमीहरू अयोग्य छौ? ३ के तिमीहरूलाई थाहा छैन, हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं? उसो भए यस जीवनमा हुने कुरा ठूला हुन् र? ४ यस्ता झगड़ाहरू तिमीहरूमा छन् भने, ती झगड़ाहरू किन ती मानिसहरूका अगि राख्तछौ, जुन मानिसहरूलाई मण्डलीले केही मोलका ठान्दैनन्?", २ कोरन्थी १३:५ "तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई जाँचेर हेर। आफैलाई जाँच। जाँचमा असफल भएनौ भने येशू ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भन्ने तिमीहरूलाई थाहा हुनुपर्ने हो!", फिलिप्पी १:९ "मेरो प्रार्थना यही छ, कि ज्ञान र अन्तर्दृष्टिमा तिमीहरूको प्रेम झन्-झन् प्रशस्त हुँदैजाओस्।", १ यूहन्ना ४:१ "प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर। किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्किआएका छन्।" र गलाती ६:१ "भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पर्‍यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै**

पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ।"

मानिसहरूले सिकाएका र प्रचार गरेका शिक्षादिक्षाहरूलाई परमेश्वरको वचनले जोख्नुपर्छ। चर्चका विश्वासीहरूको बीचमा भनाभन भएर पुलिस चौकी वा अड्डामा छिनोफानको निम्ति नगइकन एक आपसमै छिनोफान गर्नुपर्छ। यदि हामी येशूका पक्का भक्त हौं भने अड्डामा उजुर गर्ने आदत गलत छ त? किनभने येशूलाई विश्वास नगर्ने न्यायधिसहरूलाई परमेश्वरको वचनले अगुवाई गर्न पनि सक्छ नगर्न पनि सक्छ। हामी आफै परमेश्वरमाथिको सच्चा प्रेम र आस्थामा कतिको मजबुत भएर उभिएका छौं सो हृदयदेखि खोतलेर जाँच्नु अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ। फेरि हामी जे कदम चलाउँछौं र हामी जुनसुकै मनस्थितिमा हिँड्छौं के त्यसले हामीहरूको इसाई अनुभवमा सुस्वास्थ ल्याउँछ कि खराब गर्छ भनेर सोध्ने बानी हुनुपर्छ।

अरूलाई यस्तो उस्तो भनेर अरूको नराम्रो बानी वा स्वभावको आलोचना गर्नु धेरै सजिलो छ। विशेष गरेर हामीहरूको स्वभावमा अरू उभिएन भने अरू नराम्रो भनेर दोषी चस्मा लगाउने आदत हामीहरूको हुन्छ। आत्मिक रूपमा बुद्धिमानी हुनु र परमेश्वरको व्यवस्थाप्रति आलोचनात्मक हुन जाने बानी हामीमा नहुन हामी कसरी सिक्ने?

## २ व्यवस्था अर्थात् दश आज्ञाहरू र विधिविधान दिनुहुने परमेश्वर न्यायमूर्ति पनि हुनुहुन्छ (हिब्रू ४:१५,१६)

येशूले नै पुरानो करारका सम्पूर्ण विधिविधानहरूको प्रवर्तक वा सृष्टिकर्ता हुनुहुन्थ्यो। मोशाद्वारा दिइएको हुनाले ती व्यवस्था वा विधिविधानहरू मोशाका व्यवस्था भनेर पनि कहिलेकाहीं कहलाइन्छ (२ इतिहास ३३:८, नेहमिया १०:२९)। येशूले नै मरूभूमिमा इस्राएलीहरूलाई अगुवाई गर्नुभएको थियो र उहाँले नै सिनैको पहाडमा दश आज्ञाहरू दिनुभएको थियो (१ कोरन्थी १०:१-४)। डाँडामा दिनुभएको उपदेशमा ती व्यवस्थाहरूलाई येशूले स्पष्ट पार्नुभएको थियो। तिनीहरूको बारेमा उहाँले स्पष्ट धारणा राख्नुभएकोले दश आज्ञाहरू तथा अरू विधिविधानहरूको बारेमा बुझ्न हामीलाई सजिलो भएको थियो अर्थात् तिनीहरूलाई बुझ्न हामीलाई मजबूत पारेको थियो। "वचन (परमेश्वरको

व्यवस्था) देह हुन आयो...." (यूहन्ना १:१४)। र त्यही वचन (परमेश्वरको व्यवस्था)ले हामीहरूको न्याय गरिनेछ (यूहन्ना १२:४८)।

"दश आज्ञाहरू वा व्यवस्था दिनुहुने एकमात्र हुनुहुन्छ र उहाँ नै हामीहरूलाई न्याय गर्ने न्यायमूर्ति हुनुहुन्छ। जीवनलाई बचाउने र नाश गर्ने अधिकार उहाँमा मात्र निहित भएको छ। त्यसकारण छिमेकीको न्याय गर्ने तिम्रो के अधिकार छ?" भनेर याकूबले जिकिर गर्दछन् (याकूब ४:१२ रूपान्तरित)। उपरोक्त पदको साथै देहायका पदहरू पनि पढ्नुहोस् जसमा येशूमात्र हाम्रो न्यायमूर्ति हुनुहुन्छ भनेर उल्लेख गरिएका छन्ः यशैया ३३:२२,२३ "ती जहाजका पाल टाँग्ने सर-सामान व्यर्थ छन्। शत्रुका सेनाका सारा धन-सम्पत्ति हामी कब्जा गर्नेछौं र ती यति धेरै हुनेछन् कि लङ्गडाले पनि आफ्नो बन्डा पाउन सक्छ। परमप्रभु आफैं हाम्रा राजा हुनुहुनेछ। उहाँले हामीमाथि शासन गर्नुहुनेछ र रक्षा गर्नुहुनेछ। २४ हाम्रा देशमा बास गर्ने कसैले कहिल्यै बिरामी भएको दुःख पोखाउनेछैन र सारा पाप क्षमा हुनेछन्।", यशैया ११:१-५ "दाऊदको राजवंश काटिढालेको रूखझैं छ तर ठुटोबाट नयाँ हाँगा उम्रेझैं दाऊदको सन्तानबाट एउटा नयाँ राजा उठ्नेछन्। २ परमप्रभुको आत्माले उनलाई बुद्धि, ज्ञान र प्रजालाई शासन गर्न सीप दिनुहुनेछ। उनले परमप्रभुको इच्छा बुझ्नेछन्, उहाँलाई आदर गर्नेछन् ३ र उहाँका आज्ञापालनमा आनन्दित मान्नेछन्। उनले मुख हेरेर वा अरूका कुरा सुनेर इन्साफ गर्नेछैनन्। ४ गरीबको इन्साफ ठीकसित गर्नेछन् र असहायहरूको रक्षा गर्नेछन्। उनको आज्ञाले अपराधी मानिसहरूले दण्ड पाउनेछन् र दुष्टहरू मारिनेछन्। ५ न्याय र इमानदारीसाथ उनले आफ्ना प्रजामाथि शासन गर्नेछन्। ६ ब्वाँसा र भेडा एकसाथ शान्तिसित बास गर्नेछन् र चितुवाहरू पाठासित सुत्नेछन्। बाछा र सिंहका डमरु एकसाथ खानेछन् र साना बालकहरूले तिनीहरूलाई हेरचाह गर्नेछन्।", हिब्रू ४:१४,१६ "हाम्रा प्रधान पूजाहारी हाम्रो कमजोरीलाई बुझिदिन नसक्ने पूजाहारी हुनुहुन्न। हाम्रा पूजाहारी पापले फसाउने सबै कुरामा हामीजस्तै जाँचिनुभयो, तर पाप गर्नुभएन। १६ त्यसो हुँदा हामीले पटक्कै डर नमानी परमेश्वरको सिंहासनअघि जाऔं। त्यहाँ खाँचो परेको बेला हामीले कृपा र अनुग्रह पाउनेछौं।" प्रकाश १९:११-१६ "अनि मैले

स्वर्ग खोलिएको देखें र एउटा सेतो घोडा देखें। त्यो घोडामाथि सवारी हुनेको नाउँ 'विश्वासिलो र सत्य' रहेछ। उहाँले ठीकसित न्याय गर्नुहुन्छ र लडाइँ गर्नुहुन्छ। १२ उहाँका आँखा आगोको ज्वालाजस्ता रहेछन् र उहाँका टाउकोमा धेरै मुकुट थिए। उहाँको एउटा नाउँ लेखिएको थियो तर त्यो नाउँ उहाँलाई मात्र थाहा छ। १३ उहाँले लाउनुभएको लुगा रगतले भरिएको थियो। उहाँको नाउँचाहिँ "परमेश्वरको वचन" हो। १४ सेता घोडामा चढेका र सफा सेता लुगा लाएका स्वर्गका सेनाहरू उहाँका पछि-पछि लागे। १५ उहाँको मुखबाट एउटा धारिलो तरवार निस्केको थियो। त्यो तरवार लिएर उहाँले जाति-जातिलाई जित्नुहुनेछ। उहाँले उनीहरूमाथि कडा शासन गर्नुहुनेछ र कोलमा दाख कुल्ची रस निकालेझैं उहाँले सर्वशक्तिमान् परमेश्वरको क्रोधको कोलमा तिनीहरूलाई कुल्चनुहुनेछ। १६ उहाँको लुगा र उहाँको तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" भन्ने नाउँ लेखिएको थियो।"

कुनै पनि कानुनलाई तोडेको छ कि छैन भनेर मुल्याङ्कन गर्नसक्ने सक्षम् व्यक्ति त्यही हुन्छ जसले त्यस कानुनलाई बनाएको हुन्छ। कोही मानिस वकिल बन्न चाहन्छ भने उसले धेरै वर्षसम्म विभिन्न कानुनहरूको बारेमा अध्ययन गरेर परिक्षा लिनुपर्दछ र त्यसलाई पास पनि हुनुपर्दछ। ती परिक्षाहरूले ऊ वकिल वा न्यायकर्ता हुन सक्षम् छ कि छैन भनेर देखाउँछ। यदि ऊ परिक्षामा सफल भयो भने उसलाई वकालत गर्ने इजाजत दिइन्छ। येशूका पालमा धर्मलाई कार्यन्वन गर्ने धेरैजसो धार्मिक वकिलहरूलाई शास्त्री भन्दथे। तिनीहरूलाई फरिसी भनेर सम्बोधन गरिन्थ्यो। मोशाका व्यवस्थाहरू र यहूदी धर्मका अरू विधिविधानहरू वढो लगनशील भएर पढ्दथे। जब तिनीहरू यहूदी धर्मशास्त्र अर्थात् विधिविधानहरूमो पोख्त हुन्थे तब तिनीहरूलाई धर्मगुरू, शास्त्रका पण्डित, शास्त्री वा फरिसी भनेर उपाधी दिइन्थ्यो। यहूदी धर्ममा यहूदीहरूले आविष्कार गरेका धेरै विधिविधानहरूसँग येशू सहमत हुनुभएको थिएन। त्यसले गर्दा नै येशू र ती पण्डितहरूको बीचमा धेरै पल्ट भनाभन भएको थियो। तर मोशालाई विधिविधानहरू दिने येशू नै हुनुहुन्थ्यो। त्यसैकारण दश आज्ञा होस् वा अरू व्यवस्थाहरू नै किन नहोस्, उहाँले तर्जुमा (सुरू) गर्नुभएका व्यवस्था र नीतिनियमहरूलाई वाख्या गर्न र त्यसको कार्यान्वन भएको

छ कि छैन भनेर मुल्याङ्कन गर्ने सक्षम् व्यक्ति उहाँभन्दा दोस्रो व्यक्ति छैन। त्यसकारण जब येशू दोस्रोपल्ट बादलमा आउनुहुनेछ त्यसबेला उहाँले आफ्नो हातमा इनाम लिएर आउनुहुनेछ। त्यसबेला उहाँका ब्यवस्थाहरूलाई पालन गरेर उहाँको बफादारितामा हिँड्नेलाई अनन्त जीवनको शिरपेच लगाइ दिनुहुनेछ। उहाँ आउनुहुँदा नै सबैको भविष्य निर्णय भइसकेको हुन्छ अर्थात् सबैको न्याय भइसकेको हुन्छ। उहाँमाथिको आस्थामा बफादारी भएर असल जीवन बिताएकाहरूलाई र पापमा फसिरहेर दुष्ट काम गर्ने अधर्मीहरूलाई तिनीहरूले रोजेको अनुसार इनाम दिइनेछ (प्रकाश २२:१२)। मानिसको देह अवतार लिनुभएर येशूले पापरहित जीवन बिताउनुभएको थियो। पापलाई मन पराएको कारणले हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभएको थियो। र उहाँ पाप र मृत्युमाथि विजय प्राप्त गरेर बौरि उठ्नुभएको थियो। त्यसैकारण हामीलाई पापबाट मुक्ति दिन उहाँमात्र सक्षम् हुनुहुन्छ।

"सनातनका परमेश्वरले सबै न्यायका अधिकारहरू आफ्नो पुत्रलाई सुम्पिनुभएको छ। उहाँ नै मानिसको रूपमा परमेश्वर हुनुहुनुहुन्छ भन्ने कुरामा कुनै विवाद छैन।

"सारा दुःखकष्टको राजकुमार येशू नै सबै संसारको न्यायमूर्ति बनाउन परमेश्वरले योजना बनाउनु भएको थियो। मानिसहरूलाई अनन्तको मृत्युबाट बचाउन स्वर्गको अदालतहरूबाट ओर्लेर आउनुहुने उहाँ नै हुनुहुन्थ्यो। आफ्नै स्वइच्छाले आफूलाई पकड्न दिनुभयो र यस संसारको अदालतको सामु उभिन आफूलाई सुम्पिनु भयो। आफूलाई क्रुसमा टाँग्न दिएर तत्कालिन अत्यन्त निर्मम यातना उहाँले सहनुभएको थियो। को धर्मी, को पापी, को असल, को खराब छ भनेर मूल्याङ्कन गर्ने अधिकार उहाँमा मात्र भएकोले कसले अनन्त जीवन पाउँछ वा कसले सजायँ पाउँछ भन्ने निर्णय उहाँले मात्र गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, *मारानाथा,* पृ. ३४१बाट रूपान्तरित।

**कि त इनाम कि त सजायँ- ती दुईमध्ये एक हामीले रोज्नुपर्नेछ। परमेश्वरको अनन्त राज्यमा अनन्त जीवन पाएर बस्ने इनाम दिने आशा तपाईंको को छ?**

## ३ योजनाबद्ध रूपमा अघि बढ्नु (याकूब ४:१३)

येशू ख्रीष्ट छिट्टै आउनुहुन्छ भनेर हामी विश्वास गर्छौं। तर उहाँको आगमनको अपेक्षा गरिरहेका छौं भन्दैमा हात बाँधेर बस्न हामीलाई बाइबलले इजाजत दिएको छैन। प्रत्येक भोलीको निम्ति हामी योजनावद्ध रूपमा अघि बढ्नुपर्छ। तर हामीहरूको भोलीलाई भौतिक संरचनालाई मात्र ध्यान दिएर चल्नु हुन्न तर अनन्तको मूल्यलाई पनि ध्यान दिनुपर्छ। येशूले एक जना धनी जमिन्दारको बारेमा अर्तीकथा भन्नुभएको थियो। उसले आफ्नो भकारीहरू तन्न भएपछि आफूलाई यसरी सम्बोधन गर्छ "हे प्राण अब तिमीलाई पोस्न तन्न अन्न छ। तिम्रो बाँकी जीवन रमाइलो गरेर बिताऊ।" अनि त्यही रात परमेश्वरले बोल्नुभयो "तिमी आजै रात मर्नेछौ। तिमीले थुपारेको अन्नको अर्थ तिमीलाई केही लाग्यो त?" (लूका १२:१३-२१ रूपान्तरित। यथार्थमा उसले परमेश्वरको आवाजलाई दैनिक जीवनमा सुनिरहनुपर्थ्यो, मर्ने बेलामा मात्र होइन)। हामीहरूको ध्यान केवल ठूलो भकारीहरू वा भौतिक साम्राज्य बनाउनमा मात्र केन्द्रित भयौं भने हामी हामीहरूकै संरचनाको धरापमा पर्न सक्छौं। याकूबले भोलीको निम्ति नजुताऊ त भनेको छैन। हेर्नुहोस् याकूब ४:१३ "आजै कि भोलि हामी कुनै सहर बजारमा जाऔंला र एक वर्ष बसेर व्यापार गरौंला अनि धन कमाऔंला।" भन्ने तिमीहरूले मेरो कुरा सुन।"

भावी भविष्यको निम्ति योजना बनाउनु अनुचित होइन। कोही मानिसले बन्धव्यापार वा उद्योगधन्दा गर्छन् भने उसले छोटो, वा केही समयको निम्ति वा लामो समयको निम्ति योजना तर्जुमा गर्नुपर्छ। चाहे व्यक्तिगतको निम्ति होस् वा परिवारको निम्ति होस् भविष्यको निम्ति आर्थिक संरचना गर्नै पर्छ र साथै आकस्मित खर्चको निम्ति पनि जुटाइ राख्नुपर्छ। (छ दिन काम गर्नु भन्ने परमेश्वरको आफ्नै आज्ञा हो। काम गर्दा फल त पाइन्छ नी। त्यो फलले आफू र आफ्नो परिवारको सम्बर्धन वा पालन पोषण गर्दछ। त्यसकारण काम गरेर फलिफाप हुनु आफै नाजायज होइन-अनुवादकको जिज्ञासा)। तर हामीले कुनै पनि समयमा येशूको आगमन हुन्छ भन्ने मनस्थितिमा पनि रहनुपर्छ। यदि उहाँको आगमन भयो भने हामीहरूको सम्पूर्ण भौतिक संरचना उहाँको

आगोको ज्वालाले नष्ट हुन्छ भन्ने कुरालाई ख्याल गरिराख्नुपर्छ (२ पत्रुस ३:१०-१२)।

भोलीको निम्ति संरचना गर्नु र येशूको छिट्टो आगमनको प्रतिक्षाको बीचमा सधैं बाँझिनुपर्छ भन्ने छैन। एक जना बुद्धिजीविले यसरी व्यक्त गरेका थिए "वर्षौं सम्म येशू आउनुहुन्न भनेर योजना बनाएर चल्नु र साथै प्रत्येक दिन येशू भोली नै आउनुहुन्छ भनेर जिउनु।" यो असल सुझाव हो। तर कतिपय मानिसहरू वर्षौं सम्मको निम्ति योजना बनाउँदै गर्दा दैनिक जीवनको अत्यावश्यकलाई विर्सन पनि सक्छ र मुश्किल पनि पार्न सक्छ। तर कतिपय येशूका श्रोताहरू होस् वा आजका क्रिश्चियन भनाउँदाहरू नै किन नहोस् माथिको धनी मानिस जस्तो भएर बाँचिरहेको हुन्छ। परमेश्वरको आशिषले आफू सम्पन्न भएकोले "खाऊ, पिऊ मोज गर" भनेर कतिपयले आफ्नो निम्तिमात्र सोचिरहेको हुन्छ। त्यस्ता मानिसहरूको ठूलो लक्ष्य नै आफ्नो निम्तिमात्र कसरी धन कमाउने र धनी हुनेमा केन्द्रित भइरहेको हुन्छ।

त्यसकारण धन कमाउन वा धनी हुने योजना अनुचित छ भन्ने सोचाइमा लाग्नुको सट्टा मानिसहरूले यो भन्नुपर्थ्यो "यदि परमेश्वरको इच्छा भए हामी बाँचौंला र  यो गरूँला त्यो गरूँला।" (याकूब ४:१५ रूपान्तरित)। त्यसको अर्थ हामीले योजना बनाएपछि परमेश्वरको इच्छा भनेर चिताउनुमात्र होइन।    हामीहरूको सम्पूर्ण योजना परमेश्वरमा समर्पण गर्नुपर्छ। हामीले यसरी प्रार्थना गर्न सक्नुपर्छ "प्रभु, तपाईंको इच्छा के हो सो थाहा पाउन चाहन्छु। मैले बनाएको योजनामा तपाईं संतुष्ट हुनुहुन्न भने कृपया मलाई देखाउनुहोस्।" यदि हामीहरूको योजना परमेश्वरसम्मत छ वा छैन भने उहाँले कुनै न कुनै तरिकाबाट देखाउनुहुनेछ। हामीहरूले उहाँको आवाज सुन्नुपर्छ। उहाँको चाहनाप्रति हामी अत्यन्त संवेदनशील हुनुपर्छ। उहाँको इच्छा अनुसार हामीहरूको योजनालाई सच्याउन सक्नुपर्छ र त्यतिमात्र होइन फनक्क परिवर्तन गर्न पनि तयार हुनुपर्छ।

**याकूब ४:१३ फेरि पढ्नुहोस्। भोली के गरौंला भनेर सोच्नु आफै गलत होइन तर त्यस सोचाइमा के पनि घुसाउनुपर्छ भनेर हामी**

सिक्नुपर्छ नत्रभने भोलीको चिन्ताले अहिलेको जीवनलाई बरबाद पनि पार्न सक्छ।

## ४. बाफ वा हुस्सु जीवन (याकूब ४:१४)

**कस्तो गहकिलो भावना याकूबले याकूब ४:१४मा व्यक्त गरेका छन् हेर्नुहोसः "भोलि के हुन्छ, तिमीहरू केही जान्दैनौ। तिमीहरू त एक छिन देखा पर्ने र बिलाएर जाने बाफजस्तै छौ।"**

हाम्रो जीवन अनिश्चित छ। प्रत्येक दिन र प्रत्येक सास परमेश्वरको बरदान हो। याकूबले उपरोक्त पदमा हतपत प्रयोग नगरेको ग्रीक भाषा आतमिस (atmis) शब्द प्रयोग गरेका छन्। त्यस शब्दलाई अनुवाद गर्दा "बाफ" वा हुस्सु वा तुँवालो" भनेर प्रयोग गरिन्छ। यो शब्द हिब्रू भाषाको हेबेल (hebel) जस्तै हो। यसलाई पनि सास वा बाफ भनेर अनुवाद गरिन्छ। उपदेशकको पुस्तकमा यो अधिकतम मात्रामा प्रयोग गरेको पाइन्छ। राजा सोलोमनले उपरोक्त पुस्तकमा यस शब्दलाई ३८पल्ट प्रयोग गरेका छन्। प्रायजसो "व्यर्थ" भनेर भनेर अनुवाद गरिन्छ। त्यसको अर्थ हामीहरूको जीवन छोटो छ भनेर मानिलिनु हो। जब हामी बढ्दै जान्छौं तब हामीलाई थाहा हुन्छ हाम्रो जीवन कस्तो छिटो बितेको रहेछ। विश्वविख्यात सुसमाचार प्रचारक बिल्ली ग्राहमले आफ्नो वुढेषकालमा यसरी व्यक्त गरेका थिए "मेरो जीवन यसरी छिटो गएको रहेछ भन्ने कुरो मलाई कहिले पनि थाहा पाइन।"

पशुलाई मात्र अगाडि मृत्यु छ भन्ने थाहा हुँदैन तर हामीलाई थाहा छ। मृत्यु कतिको टाढा छ भन्ने कुरामा कोही पनि अलमलमा पर्नुपर्दैन। त्यो केवल हामीहरूको मुटुको धढकनमा छ। हामी कोही पनि कुनै वखत कुनै कारणले तुरन्तै मर्न सक्छौं। "मर्नमात्र होइन कुनै कुरा भोली के हुन्छ भनेर हामीलाई थाहा छैन" भनेर याकूबले ठिक तवरले व्यक्त गर्दछन् (याकूब ४:१४ रूपान्तरित)।

"हामीहरूको जीवन कति छोटो र अनिश्चित छ भन्ने कुरामा म बोल्न चाहन्न। तर मानिसले मृत्युको बारेमा सजग भएन भने उसले भयङ्कर ठूलो खतराको सामना गर्नुपर्छ। परमेश्वरलाई आफ्नो जीवन समर्पण गर्न उहाँको पवित्र आत्माले आह्वान गरिरहेको हुन्छ। तर आज

कि भोली भन्दै त्यस आवाजलाई कुल्च्याइ राखेर पापी जीवनमा चुर्लुम्म डुबिरहने आदत एकदम खतरापूर्ण छ भनेर सोच्नुपर्छ। परमेश्वरमा विश्वास गर्न पवित्र आत्माको सुमधुर आग्रहलाई पन्छाएर ढिलोगतिमा चल्नु साँच्चिकै खतराको जीवन बिताउनु हो।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. ३२बाट रूपान्तरित।

छोटो जीवनसँग खेलबाद गर्नु रमाइलो र संतुष्टि दिने खालको हुँदैन भनेर हामी सचेत हुनुपर्छ।

**याकूबले व्यक्त गरेका भावनाप्रति ज्ञानी राजा सोलोमन कतिको सहमत थिए भनेर देहायका पदहरूमा पढ्नुहोस्ः उपदेशक २ः१५-१९ "मैले मनमा विचार गरें, "मेरो दशा पनि मूर्खको जस्तै हुनेछ र म बुद्धिमान् भएकोले के लाभ छ र?" मेरो मनले जवाफ दियो, "केही लाभ छैन।" १६ बुद्धिमान् र मूर्ख दुवैलाई कसैले याद गर्दैन। आउने दिनहरूमा कसैलाई हाम्रो सम्झना रहनेछैन। बुद्धिमान् होस् वा मूर्ख, हामी सबै मर्नैपर्छ। १७ यसरी मैले जीवनको केही अर्थ पाइनँ किनभने हरेक कुराले मेरो जीवनमा दुःख मात्र ल्याएको थियो। सबै कुरा व्यर्थ थियो, मैले त हावालाई पो खेदेको रहेछु। १८ मैले गरेको हरेक काम अनि हासिल गरेको हरेक इनामको केही अर्थ थिएन किनभने म जान्दथें कि मैले सबै थोक मपछि आउनेको निम्ति छोडेर जानुपर्नेछ। १९ मपछि आउने बुद्धिमान् हुन सक्छ, मूर्ख पनि हुन सक्छ, कसले जान्दछ र? तापनि यस संसारमा मेरो मेहनतको फल, मेरो बुद्धिको कमाइ सबै उसैको हुनेछ। यो पनि सबै व्यर्थ छ।" उपदेश ४ः४ "मानिसहरू सफलता प्राप्त गर्न किन अति परिश्रम गर्छन्, त्यो पनि मैले जानेको छु। आफ्ना छिमेकीहरूसित ईख भएकाले तिनीहरू त्यसो गर्छन्। त्यो व्यर्थ छ। त्यो हावालाई खेदेझैं हो।", उपदेशक ५ः१० "रकम-पैसाको लोभ गर्ने मानिस कहिल्यै अघाउँदैन, धन-सम्पत्तिको लोभ गर्ने मानिसले कहिले पनि जति कमाउन सक्दैन। यो पनि व्यर्थ हो।" र उपदेशक ९ः११,१२ "मैले अर्को एउटा कुरा देखेको छु। दौडमा सधैं चाँडो दगुर्नेहरूले दौड जित्दैनन् र वीरहरूले सधैं लडाइँ जित्दैनन्। बुद्धिमान् मानिसहरूले सधैं पेटपालनको मेलो गर्न सक्दैनन्, चतुर मानिसहरूले सधैं धन कमाउन सक्दैनन् र योग्य मानिसहरू सधैं उच्च दर्जामा पुग्दैनन्। बेला र मौका सबैमाथि आउन सक्छ। १२ त्यो समय कहिले आइपर्छ, तिमी जान्दैनौ।**

**आफूले नचिताएको बेला चरा पासोमा परेझैं वा माछा जालमा परेझैं अचानक हामीमाथि दुर्दशा आइपर्छ।"**

यस संसारमा अन्याय, अत्याचार, पक्षपात जस्ता तत्वहरूले राज गरिरहेका छन्। त्यस परिवेशमा यस संसारमा बाँची रहनुको अर्थ केही देखिन्दैन। त्यसैकारण येशू ख्रीष्टद्वारा हामीलाई दिइने अनन्त जीवनको प्रतिज्ञाप्रति तिब्र चाहना गर्दै बाँच्नु अर्थमूलक देखिन्छ। येशूबिनाको जीवन वा उहाँले दिनुहुने जीवनबिना हामीहरूको जीवन केवल बाफ वा हुस्सुमात्र हो। त्यो बिलाएर जानेछ र सदाको निम्ति बिर्सिने छ।

**हृदयलाई खोतलेर सोच्नुहोस्: यस संसारको धरापमा तपाईं कति पर्नुभएको छ? तपाईंको जीवन कति छोटो छ भनेर किन सोचिरहनुपर्छ?**

## ५ असल थाहा पाउनुमात्र होइन असल काम पनि गर्नु पर्छ (याकूब ४:१४-१७)

**अगाडिका पदहरूको तुलनामा याकूब ४:१५-१७मा अत्यन्त महत्त्वपूर्ण तथा ब्यवहारिक धारणा याकूबले व्यक्त गरेका छन्, त्यो के हो पढ्नुहोस् "तिमीहरूले भन्नुपर्ने कुरा त यसो हो, "परमेश्वरको इच्छा भयो भने हामी बाँचेर यो गरौंला वा त्यो गरौंला।" १६ तर तिमीहरू घमण्डी छौ र खुब धाक लगाउँछौ। यसरी घमण्ड गर्नु राम्रो होइन। १७ कसैले राम्रो गर्नुपर्छ भनी जानेर पनि त्यो गर्दैन भने उसलाई पाप लाग्छ।"**

उपरोक्त पदहरूमा याकूबले कतिपयले भन्ने "म आफ्नै खुट्टामा उभिएको छु। कसैको सहयोग बिना म बनिएको छु" भन्ने फुर्सो घमण्डको पर्दाफास गरिएको देखिएको छ। त्यस्तो खालको मनस्थिति बोकेर हिंड्ने मानिसलाई याकूबले हठी भन्दछन्। त्यतिमात्र होइन, "त्यो दुष्ट भावना हो" भनेर उनले केलाउँछन्। त्यसकारण कोही मानिस इसाई हुँ भनेर दाबी गर्छन् भने उसमा उचित तथा बाइबलले औंल्याएका ठिक सोच हुनु अत्यन्त जरुरी छ।

(निःसन्देह, दश आज्ञाको उल्लङ्घन गर्नु पाप हो। पापको परिभाषा थाहा पाउन दश आज्ञालाई आत्मसात् गर्नुपर्छ नत्र भने पापको बारेमा मानिसहरूले आआफ्नै तरिकाले वाख्या गर्न पुग्छन्) तर याकूबले पद १७मा पापको परिभाषालाई प्रगतशील रूपमा वाख्या गरेको

देखिन्छ। गलत काम गर्नु र जे न्यायोचित वा उचित वा असल छ सो नगर्नु नै पाप हो। यूहन्नाले १ यूहन्ना ३:४मा पाप भनेको व्यवस्था वा विधिलाई मिच्नु हो भनेर पापको बारेमा वाख्या गरेका छन्। "विधिको शासनमा बस्न नचाहनु, व्यवस्थाको बिरोधमा जानु वा उच्छृङ्कल भएर चल्नु" पाप हो भनेर उपरोक्त पदलाई कतिपयले अनुबादहरू गरेको पाइन्छ। तर उपरोक्त पदमा प्रयोग गरिएको  ग्रीक भाषा आनोमिया (anomia)को अर्थ अवैध वा नियममा नचल्ने बानी भन्दा कुनै खास व्यवस्था वा दश आज्ञाहरूको बुँदालाई जानाजानी सरासर तोडेर चल्नु हो भनेर जनाउँछ। (रोमी ४:७, तीतस २:१४ र हिब्रू ४:१७ले त्यसबारे विस्तृत ज्ञान दिन्छ)। याकूब ४:१७मा पापको अर्को परिभाषा याकूबले दिएको अत्यन्त रोचक छः "असल कुरो थाहा पाएर पनि नगर्नु पाप हो" रे! (के यो दश आज्ञाहरूको बारेमा ज्ञान भएका वा स्वीकार गरेका सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई मात्र लागु हुन्छ र? प्रायजसो अरू इसाईहरूले येशू क्रुसमा मर्नुभएपछि दश आज्ञाहरूको औचित्य समाप्त भयो भनेर जोडकातोडले सिकाएको पाइएको छ- अनुवादकको अनुभव)। गलत काम नगर्ने मनस्थिति बोक्ने बानीमात्र हामीमा हुनुपर्छ भनेर याकूबले यहाँ भनिरहेको छैन। आफ्नो औगातले भ्यायसम्म हाम्रो सामु कुनै असल काम गर्ने अवसर भएको छ भने त्यो काम गर्नुपर्छ नत्र पापमा अझै हिंडिरहेका छौं भनेर प्रत्यक्ष्य साक्षी दिन्छ भनेर याकूबले प्रत्येक मानिस विशेष गरेर इसाईको हृदयमा तीर हानेको देखिन्छ। हामी येशूभक्त वा इसाई भनेर दाबी गर्नेहरूलाई आत्मज्ञानले पोख्त भएर ज्योतिका सन्तान भनेर पावलले सम्बोधन गर्दछन् (एफिसी ५:८)। याकूबको भनाईलाई येशूले अझ यसरी स्पष्ट पार्नुभएको छ "अरूहरूको अगाडि तिमीहरूको ज्योति चम्काऊ जसले गर्दा तिनीहरूले तिमीहरूको असल कामलाई देख्नेछ र स्वर्गमा बस्नुहुने तिमीहरूका परमपिताको महिमा तिनीहरूले गरून्।" (मत्ती ५:१६ भावानुवाद)।

हुनत दिनदिनै असल काम गर्न नसकेको खण्डमा उपरोक्त पदले निराश ल्याउन सक्छ भन्ने कसैकसैको धारणा होला। तर कहाँ कहाँ गएर असल काम गर्ने भनेर खोज्दै असल कर्म वा काम गर्ने वाध्यतालाई त्यस पदले जोड दिएको छैन। येशूकै जीवनमा हामीले हेऱ्यौं भने उहाँ दिनदिने असल काममात्र गरेर बिताउनुभएको देखिन्दैन।

कतिपय समयमा उहाँ मानिसहरूबाट टाढा गएर प्रार्थना गर्न र विश्राम गर्न आफूलाई एक्लो पार्नुभएको थियो (लूका ५:१६, मर्कूस ६:३१)। तर जहिले पनि परमेश्वरको इच्छामा चल्ने उहाँको प्रबल नीति उहाँको चालमा देखिएको पाइएको छ (यूहन्ना ५:३०)। आफ्नो खानालाई समेत येशूले परमेश्वरको इच्छामा छ भनेर उहाँले स्पष्ट पार्नुभएको थियोः "मेरो खानेकुरा भनेकै मलाई पठाउनु हुने परमेश्वर पिताको इच्छा पालन गर्नु हो। उहाँको काम सम्पन्न गर्नु नै मेरो खानेकुरा हो।" (यूहन्ना ४:३४)। एक फेरा बसेर खान्दा कति खाने भनेर त्यसको सिमाना हुन्छ। त्यसरी नै दिनमा असल काम गर्न हाम्रो पनि सिमाना हुन्छ। त्यही कुरालाई मध्येनजर राखेर येशूले भन्नुभएको थियो "कसैले रोप्छन् त कसैले कटानी गर्छन्। तर दुबैले आफ्नो कामप्रति आनन्द मनाउँछन्।" (यूहन्ना ४:३६-३८)। तर यथार्थमा जब हामी परमेश्वरको महिमाको निम्ति काम गर्दछौं तब हामी अझ धेरै काम गर्न सुरिन्छौं। अनि सकेसम्म हरतरहबाट उहाँको काम गर्ने प्रवल चाहना हामीमा होस् भनेर हामी प्रार्थना गर्ने मनस्थितिमा हामीलाई ढाल्दछौं।

**प्रार्थनाले हामीहरूको स्वार्थलाई पर राख्न कसरी सक्षम् बनाउँछन्? हामीहरूको मनस्थिति परमेश्वरको चाहनामा समर्पण गर्न प्रार्थनाले कसरी सघाउँछन्? तपाईंले अहिले र भविष्यको निम्ति जे योजना बनाउनुहुन्छ त्यसलाई परमेश्वरमा समर्पण गर्न कसरी सिक्नुहुन्छ?**

## उपसंहारः

"तपाईंहरूमध्ये कति जनाले परमेश्वरप्रति बफादारी भएकोले र सत्यको रक्षा गर्न अरूको गल्ती कोट्याउन र आलोचना गर्न अग्रसर हुनुभएको पाइएको छ। तपाईंहरूको नियतलाई कोट्याउँदा त्यो खालको कदमले तपाईंहरूको सम्मान वा भाऊ खोज्ने नीतिले उक्साएको पाइएको छ। तपाईंहरूको बीचमा अरूको मूल्यमा कोही पनि आफ्नो प्रशंसा र सम्मान खोज्ने बानी नबसाल्नुहोस्। अरूको आलोचना गरेर आफू कति असल छ भनेर देखाउँदा संसारका मानिसहरूले स्यावास त देला तर त्यस्तो खालको प्रवृति धोकापूर्ण र हानीकारक छन्। त्यो नीति परमेश्वरबाट आएको हुँदैन। परमेश्वरको आत्माले काम नगरेको

व्यक्तिले कस्तो फल फलाउँदो रहेछ भनेर त्यस्तो आलोचनात्मक शैलीले देखाउँदछ। अरूलाई तल्लो स्तरमा राखेर वा आलोचना गरेर आफू आत्मिक रूपमा कतिको ज्ञानी छु र बाइबलमा परिपक्व छु भनेर जस लिन कोही पनि नखोजोस्। याद गर्नुहोस्, त्यस्तो खालको प्रवृति भएको मानिसले धर्मको पोशाक लगाएर शैतानको चरित्रलाई आफ्नो हृदयको गर्भमा लुकाइराखेको हुन्छ।"-एलेन जी ह्वाइटको टिप्पणी, एकडिए कमेन्टरी, ठेली ७, पृ. ९३६,९३७बाट भावानुवाद।

"जो मानिस अरूको दोषलाई कोट्याउँछ त्यो मानिस पहिला आफू दोषी वा गलतमा लागेको छु भनेर महसूस गर्नुपर्छ। किनभने अरूको आलोचना गर्ने मानिसले बिभिन्न बहाना लगाएर आफूसँग भएको दुष्ट चरित्रलाई लुकाउन खोजेको हुन्छ। खराब वा दुष्टताको ज्ञान मानिसहरूको पापी हृदयले उब्जाएका थिए। जब आदम र हव्वाले पाप गरे तब तिनीहरूले एक आपसमा दोष दिन थालेका थिए। जब मानिसको हृदय ख्रीष्टको अनुग्रहको नियन्त्रणमा छैन एक आपसमा दोष कोट्याउने चरित्रले उसको दिमागमा अड्डा जमाएको हुन्छ।"-एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग, पृ. १२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **एलेन जी ह्वाइटको माथिको उद्‌गारलाई फेरि पढ्नुहोस्। अरूको न्याय गर्ने, मूल्याङ्कन गर्ने, आलोचना गर्ने बानीले ग्रष्त भएर अरूभन्दा आफू अति जान्ने भनेर देखाउने प्रवृतिलाई उक्साएर आफ्ना गल्ती र कमजोरहरूलाई लुकाउने बानीबाट हामी कसरी जोगिने?**

आ. **हामीहरूको जीवन द्रुतगतिले अगाडि चलिरहेको सोच्नुहोस्। हामीहरूको छोटो जीवनमा कुनचाहिँ असल छ सो रोज्नुपर्छ भन्ने बानी किन नबसाल्ने? हामीहरूको जीवनको गति छिटो र ढिलो रूपमा कसरी चल्छ भन्दा हामीहरू कुन् उद्देष्यको परिपाटीमा छौं सोमा भरपर्छ भनेर वैज्ञानिकहरूले बताएका छन्। तर एउटा कुरो त निश्चित छ, जुनसुकै गतिमा हामीहरू चलेतापनि जब**

हामीसँग भएको समय जान्छ त्यो कहिलै पनि फर्केर आउँदैन। त्यस गम्भिर सोचलाई मध्ये नजरमा राख्दा हामीहरूले पाएको समयप्रति कतिको संवेदनशील हुनुपर्छ भनेर किन सचेत नहुने?

इ. हामीहरूको वरिपरि कतिपय मानिसहरू गलत काम गरेर चलिरहेको हुन्छ। त्यस्ता मानिसहरूलाई हामीहरूको सहायताको खाँचो हुन्छ। तर याकूबले औंल्याएको अनुसार तिनीहरूभन्दा आफू असल छु भनेर धर्मको खोल लगाएर केही नगर्ने स्वभावसँग हामी कसरी भिड्ने?